# फेयरवाइल्ड मापदण्ड
# (FairWild Standard)
## संस्करण २.० (Version 2.0)

अगष्ट २६, २०१० मा फेयरवाइल्ड सञ्चालक समितिद्वारा अनुमोदित

सन् २००६ मा बनाइएको फेयरवाइल्ड मापदण्डको संस्करण १ र सन् २००७ मा बनाइएको वन जंगलमा पाइने औषधीजन्य र सुगन्धित वनस्पतिहरुको दिगो संकलन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई एउटै बनाई तर्जुमा गरिएको एकीकृत मापदण्ड



**Disclaimer:** *The English-Nepali translation of this document was undertaken by ANSAB with the financial assistance of the Darwin Initiative through the UK Government. While every effort is made to ensure accuracy of translation, in case of any errors or difference in meaning, the original English version of the document must be taken as the reference point.*

# कृतज्ञता

फेयरवाइल्ड मापदण्डको यो दोस्रो संस्करण विभिन्न संघ संस्था र व्यक्तिहरूको संयुक्त प्रयास स्वरूप विकास भएको हो, जसले वन जंगलबाट संकलित स्रोतहरूको व्यापारलाई कसरी दिगो बनाउन सकिन्छ भन्ने बारेमा आफ्नो ज्ञान, विज्ञता र समयको माध्यमबाट योगदान गरेका छन् ।

यो मापदण्डको परिमार्जन र विकास गर्ने प्रक्रिया German Federal Agency for Nature Conservation (Bundesamt für Naturschutz, BfN) / WWF Germany को उदार वित्तीय सहयोगबाट सम्भव भएको हो । यो फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणका कार्यसम्पादनमूलक सूचकहरूको विकास र परीक्षण गर्ने योगदान गर्ने Institute for Marketecology (IMO) का कर्मचारीहरू प्रति हामी आभारी छौं । त्यस्तै यो मापदण्डको विकासमा योगदान गर्नेगरी विभिन्न गोष्ठीहरूको आयोजना गर्ने International Academy for Nature Conservation, Isle of Vilm, Germany प्रति पनि हामी आभारी छौं ।

यो मापदण्डको स्थलगत परीक्षण गर्ने कार्य German Federal Ministry for Economic Co-operation and Development (Bundesministerium Für Wirtschaftliche Zusammenarbeit, BMZ), the EU-China Biodiversity Project (ECBP), the Swiss Import Promotion Programme (SIPPO), WWF Germany, Traditional Medicinals, Martin Bauer GmbH & Co., Forum Essenzia e.V., ProFound, Kuendig AG, Bahnhof-Apotheke Kempten, IUCN South America, the IUCN/SSC Medicinal Plant Specialist Group, Foundation for Revitalisation of Local Health Traditions (FRLHT) India, International Centre for Integrated Mountain Development (ICIMOD) Nepal and TRAFFIC को सहयोगमा सञ्चालित परियोजनाहरूको अनुभवबाट लाभान्वित भएको थियो । मुख्यतया फेयरवाइल्ड प्रतिष्ठानले वन जंगलका वनस्पति संकलन, प्रशोधन र व्यापारमा संलग्न स्थानीय समुदाय, संकलन सहकारीहरू, अध्ययन अनुसन्धान संस्थाहरू, सरकारी निकायहरू र कम्पनीहरूसँग सहकार्य गरेको थियो र यो मापदण्डको परिमार्जनका क्रममा वहाँहरूबाट प्राप्त सारभूत सुझावहरू प्रशंसायोग्य रहेका छन् ।

यो मापदण्डको परिमार्जन प्रक्रियालाई फेयरवाइल्ड प्रतिष्ठानको सञ्चालक समितिको मार्गदर्शनमा फेयरवाइल्ड प्रतिष्ठानको प्राविधिक समितिका सदस्यहरूले सम्पन्न गरेका थिए ।

# विषयसूची


**कृतज्ञता** .......... १

१.१ उद्देश्य र प्रयोजन .......... ३

१.२ फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणको प्रारूप .......... ६

**२ फेयरवाइल्ड मापदण्ड: दोस्रो संस्करण** .......... ७

**२.१ फेयरवाइल्डका सिद्दान्तहरू र संकलन कार्यमा लागु हुने आधारहरू** .......... ७

**खण्ड १:** वन जंगलका प्राकृतिक वनस्पति संकलन र संरक्षण सम्वन्धी आवश्यकताहरू .......... ७

**खण्ड २:** कानूनी र नैतिक आवश्यकताहरू .......... ७

**खण्ड ३:** सामाजिक र स्वच्छ व्यापारसम्बन्धी आवश्यकताहरू .......... ८

**खण्ड ४:** व्यवस्थापकीय र व्यावसायजन्य आवश्यकताहरू .......... १०

**२.२ वन जंगल/प्रकृतिबाट संकलित वस्तुको क्रेताहरूका लागि फेयरवाइल्ड सिद्धान्त र आधार** .......... ११

**सन्दर्भ सामग्रीहरू** .......... १२

**अनुसूची १: शब्दको वर्णन र संक्षिप्त शब्द** .......... १४

# १. परिचय

## १.१ उद्देश्य र प्रयोजन

वन जंगलमा प्राकृतिक रूपमा रहेका वनस्पतिहरूको संकलनसम्बन्धी कार्य गर्दा दिगो संकलन, सामाजिक जिम्मेवारी बहन र स्वच्छ व्यापारका सिद्दान्तहरूको पालना गर्न इच्छुकहरूका लागि फेयरवाइब्ड मापदण्डको दोस्रो संस्करण अवलम्बन गरिन्छ । यसका लागि सन् २००६ मा बनाइएको फेयरवाइल्ड मापदण्डको संस्करण १ र सन् २००७ मा बनाइएको वन जंगलमा पाइने औषधीजन्य र सुगन्धित वनस्पतिहरूको दिगो संकलन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई एकीकृत गरी वन जंगलमा रहेका प्राकृतिक वनस्पतिहरूको संकलनमा लागु हुनेगरी एउटा व्यापक किसिमको फेयरवाइल्ड मापदण्ड तर्जुमा गरिएको छ ।

यो मापदण्डको विकास गर्नुको उद्देश्य वन जंगलमा पाइने प्राकृतिक वनस्पतिहरूलाई उनीहरूकै वासस्थानमा दीर्घकालिन अस्तित्वमा रहन दिई सबै सरोकारवालाहरूको, खास गरी संकलकहरू र श्रमिकहरूको, जीविकोपार्जनमा सघाउदै र उनीहरूको परम्परा र संस्कृतिको सम्मान गर्दै निरन्तर उपयोगको सुनिश्चितता गर्नु रहेको छ ।

औषधीय अवयव (वस्तु), आराम गराउने वस्तु, श्रृंगारका वस्तु र खाद्य वस्तु उत्पादन सम्बन्धी क्षेत्रमा वनजन्य प्राकृतिक वस्तुको बढ्दो मागका कारण महत्वपूर्ण पारिस्थितिकीय र समाजिक चुनौतिहरूको सामना गर्नु परिरहेको छ । वन जंगलका प्राकृतिक वनस्पतिहरूको विद्यमान तथा थप विस्तारित हुन सक्ने व्यापारिक संकलनको उच्च दवावका कारण प्राकृतिक वनस्पति प्रजाती र तिनको संख्याको  अस्तित्व खतरामा हुन सक्छ र स्थानीय पारिस्थितिकीय प्रणालीहरू लोप हुन सक्छन् । सरकार, व्यवसायीहरू र उपभोक्ताहरूले वन जंगलमा रहेका प्राकृतिक वनस्पतिहरू लोप भएमा र यिनीहरूको उपलब्धता हराउँदै वा घट्दै गएमा स्वास्थ्य र वृहदस्तरको अर्थतन्त्रमा समेत जोखिम उत्पन्न हुनुका साथै यस्ता वनस्पति उत्पत्ति भएका मुलुकमा यी वनस्पतिको संकलकको रूपमा रहेका अति विपन्न सामाजिक वर्गको जीविकोपार्जन समेत कमजोर हुने कुरालाई जोड दिएको पाईन्छ । जंगली वनस्पतिको संकलनलाई दिगो बनाउनका लागि असल अभ्यासहरूको विकास गर्नै पर्ने हुन्छ र पारिस्थितिकीय, सामाजिक र आर्थिक उद्देश्यहरू पुरा गरेकै हुनु पदर्छ । यीनै चुनौतिहरूको सम्बोधनका लागि फेयरवाइल्ड मापदण्डको विकास गरिएको हो ।

फेयरवाइल्ड मापदण्डले एकातर्फ विद्यमान वृहद् संरक्षण मार्गदर्शनहरू र नैतिक आचार संहिताका बीचको सम्बन्धमा रहेका कमीकमजोरीलाई हटाई आपसमा जोड्ने काम गर्छ भने अर्कोतर्फ स्थानीय अवस्था र खास प्रजातीहरूको संकलनका लागि बनाइएका योजना बीच पनि सम्बन्ध कायम गराउँदछ । फेयरवाइल्ड मापदण्डका सिद्धान्तहरूको अवलम्बन गरी यसका आधार सूचकहरूको पालना गर्नाले खासगरी निजी कम्पनीहरू, सरकारी निकायहरू, अध्ययन अनुसन्धान केन्द्रहरू र स्थानीय समुदायलाई जंगली वनस्पतिहरूको दिगो संकलन गर्ने क्रममा तल उल्लिखित ११ वटा मुख्य आधारहरू प्राप्तीका लागि असल अभ्यास पहिचान र अवलम्बन गर्न सहयोग गर्दछ :

१ वन जंगलमा रहेका वनस्पति स्रोतहरू कायम राख्न ।
२ नकारात्मक वातावरणीय प्रभावको रोकथाम गर्न ।
३ प्रचलित कानून, नियमहरू र सम्झौताहरूको परिपालना गर्न ।
४ प्रथाजनित अधिकारको सम्मान र लाभको बाँडफाँड गर्न ।
५ संकलकहरू र खरिदकर्ताहरू/प्रशोधनकर्ताहरू बीच स्वच्छ सम्झौताजन्य सम्वन्धको विकासका लागि अभिप्रेरित गर्न ।
६ जंगली वनस्पति संकलन सम्वन्धी क्रियाकलापहरूमा बालबालिकाको सहभागिता न्यूनीकरण गर्न ।
७ संकलक र संकलन गर्ने समुदायका लागि लाभको सुनिश्चितता गर्न ।
८ वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनमा संलग्न सबै श्रमिकहरूका लागि न्यायोचित किसिमको काम गर्ने वातावरणको सुनिश्चितता गर्न ।
९ जिम्मेवारपूर्ण व्यवस्थापन अभ्यासहरूको अवलम्बन गर्न ।
१० जिम्मेवारपूर्ण व्यावसायिक अभ्यासहरूको अवलम्बन गर्न ।
११ क्रेताहरूको प्रतिवद्धतालाई बढावा दिन तथा प्रवर्द्धन गर्न ।

**फेयरवाइल्ड मापदण्डले समेट्ने क्षेत्र :** यस मापदण्डको दोस्रो संस्करणले वन जंगलमा प्राकृतिक रूपमा उत्पादन भइ संकलन गरिएका निम्न अनुसारका जडिबुटीजन्य औषधीका सामाग्रीहरू र वनस्पति उत्पादनहरूलाई समेटेको छ :

» प्राकृतिक रूपमा उत्पादन भएका क्षेत्रबाट संकलित वनस्पति, वनस्पतिका भागहरू र वनस्पतिका उत्पादनहरू ।
» प्राकृतिक रूपमा उत्पादन भएका क्षेत्रबाट संकलित ढुसीजन्य (फंगी) वनस्पतिहरू र झ्याउ प्रजातिहरू ।


माथि उल्लिखित क्षेत्र भन्दा बाहिरका वनस्पतिहरू (जस्तै मौलिक रूपमानै खेति गरिदै आएका वनस्पति, प्राकृतिक रूपमा घरेलुकरण गरिएका वनस्पतिहरू, आयातित् प्रजातिहरू वा पूर्नउत्पादन गरिएका वनस्पतिहरू) मा अवस्था अनुसार मात्र यो मापदण्ड लागु हुने वा नहुने भन्ने कुरा निर्धारण गर्नु पर्दछ । प्राणीहरू र प्राणीहरूबाट उत्पादन हुने लाहा वा गमजन्य वस्तु वा मैनजन्य वस्तु र महको हकमा यो मापदण्ड लागु हुँदैन ।

फेयरवाइल्ड मापदण्ड खासगरी जंगली वनस्पति स्रोतहरूको संकलन हुने वृहत भौगोलिक, पारिस्थितिक, सांस्कृतिक, आर्थिक र व्यापारिक अवस्थाहरूमा उपयुक्त हुनेगरी बनाइएको छ । यस मापदण्डले जीवन निर्वाह गर्ने वा स्थानीय सानो स्तरको उपयोगको लागि भन्दा पनि मुख्यतया व्यापारिक प्रयोजनका लागि वन जंगलमा प्राकृतिक अवस्थामा रहेका वनस्पतिको संकलनलाई सम्बोधन गर्दछ ।

[१] यस विषयमा फेयरवाइलड प्रतिष्ठानले आफनो वेवसाइट (www.FairWild.org) मा वा अनुरोध (info@FairWild.org) मा थप मार्गदर्शन उपलब्ध गराउने छ ।

फेयरवाइल्ड मापदण्डले वन जंगलमा रहेका प्राकृतिक वनस्पतिहरू र तिनको वासस्थानको व्यवस्थापनका साथै सामाजिक रूपमा जिम्मेवारीपूर्ण व्यावसायिक अभ्यासका सन्दर्भमा लागु हुने सिद्दान्त र आधार सूचकहरूको प्रारूप निर्धारण गरेको छ । फेयरवाइल्ड प्रतिष्ठान विश्वास गर्दछकी वन जंगलबाट संकलित प्राकृतिक वनस्पतिको दिगोपना र यस्ता संकलित वनस्पतिको दिगो उपयोगमा निर्भर रहेको जीविकोपार्जन र स्वास्थ्यको वृहद क्षेत्रलाई सहयोग गर्नका लागि सारभूत रूपमा सकारात्मक प्रभाव पर्नेगरी कार्यान्वयनका विभिन्न विधिहरू आवश्यक हुनेछन् (चित्र १ हेर्नुहोस्) । निम्न कार्यहरूका लागि फेयरवाइल्ड मापदण्डका सिद्दान्त र आधार सूचकहरू उपयोग गर्न सकिन्छ :

» स्रोत व्यवस्थापनका लागि मार्गदर्शन प्रदान गर्न ।
» विद्यमान नीति तथा कानूनी व्यवस्थाहरूको कार्यान्वयनमा सघाउ पुऱ्याउन (जस्तैः राष्ट्रिय सुरक्षा तथा वातावरणीय सुरक्षा मापदण्डहरू र अन्तर्राष्ट्रिय कानूनप्रतिको राष्ट्रिय प्रतिवद्धताहरू)
» आन्तरिक अनुगमन गर्न र प्रतिवेदन तयारी गरी पेश गर्ने कार्यमा सहयोग गर्न (जस्तै : स्वेच्छिक आचार संहितको पालना) ।
» फेयरपाइल्ड प्रणालीको उपयोग गरी प्रमाणीकरण गर्नका सहयोग पुऱ्याउन ।




चित्र १: फेयरवाइल्ड मापदण्डको कार्यान्वयन विधिहरूः दोस्रो संस्करण

फेयरवाइल्ड मापदण्ड एउटा नियमित रूपमा परिमार्जन गरिदै जाने दस्तावेज हो । आवधिक परिमार्जन गर्ने काम यस मापदण्डको कार्यान्वयनको अनुभव र सराकारवालाहरूको पूर्ण सहभागितामा आधारित हुनेछ ।

## १.२ फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणको प्रारूप

फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणले तालिका १ मा उल्लिखित भागहरू अनुसार एउटा घटकहरूको क्रियात्मक पदानुक्रमलाई अवलम्बन गरेको छ :

**तालिका १ : मापदण्डका अवयव (विषय) हरूको क्रियात्मक भिन्नताहरू**

| अवयव (विषय) हरू | विवरण |
|---|---|
| मापदण्ड | असल व्यवस्थापकीय अभ्यासहरूको अवधारणा बनाउन, कार्यान्वयन गर्न र मूल्यांकन गर्नको लागि विकास गरिएका नियमहरूको सग्रह । |
| सिद्दान्त | सिद्दान्त भन्नाले विभिन्न तर्क र कार्यहरूका लागि आधार प्रदान गर्ने एउटा मौलिक कानून वा नियम हो र सिद्दान्तहरू एउटा लक्ष्यको लागि खुलस्त तत्वहरू पनि हुन् । |
| आधार | एउटा सिद्दान्त परिपालनको परिणामको रूपमा रहेको एउटा प्रणाली वा प्रक्रियाको अवस्थालाई आधार भनिन्छ । आधार तर्जुमा गर्ने तरिका एउटा वास्तविक अवस्थाका आधारमा परिपालनाको स्तर हेरेर निर्णय दिन सक्ने किसिमले गरिएको हुन्छ । |
| सूचक | सूचक यस्तो गुणात्मक वा परिमाणात्मक प्यारामिटर (परिमिति) हो, जुन कुनै कार्य गर्ने पक्षले आधारहरूको परिपालना गरेको कुरा मूल्यांकन गरेर प्रमाणीकरण गर्नका लागि प्रयोग गरिन्छ । यस फेयरवाइल्ड प्रणालीमा नियन्त्रण प्रक्रियाको सहजीकरणका लागि परिपालनाको विभिन्न तहमा प्रत्येक सूचकहरू (नियन्त्रण विन्दु) को वर्णन गरिएको छ र यसले क्रमिकरूपमा सुधार भएको कुरा प्रदर्शनका लागि अवशर प्रदान गर्दछ । |

LAMMERTS VAN BUEREN and BLOM (1997) बाट साभार गरिएको ।

वन जंगलमा प्राकृतिक रूपमा रहेका वनस्पतिको दिगो संकलनका लागि पारिस्थितिकीय, सामाजिक र आर्थिक आवश्यकता सम्बोधन गर्नेगरी यस फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणमा ११ वटा सिद्धान्तहरू र २९ वटा आधारहरू समावेश गरिएको छ, जसलाई यस दस्तावेजको खण्ड २ मा सूचीकृत गरिएको छ । फेयरवाइल्ड प्रतिष्ठानद्वारा आवद्धता प्रदान गरिएको स्वतन्त्र संयन्त्रका माध्यमबाट आन्तरिक परीक्षण र प्रमाणीकरणका साथै फेयरवाइल्ड प्रमाणीकरणका लागि समेत एउटा आधार प्रदान गर्नका लागि फेयरवाइल्ड मापदण्डको सिद्धान्त र आधारहरू कार्यान्वयन भए नभएको बारेमा प्रगतिको मूल्यांकन गर्न एउटा नियन्त्रण विन्दुको रूपमा काम गर्नेगरी अर्को सहयोगी दस्तावेजमा कार्यसम्पादनमूलक सूचकहरू समावेश गरिएका छन् । बृहत्तर बाह्य नियन्त्रण कार्यविधिहरू, प्रमाणीकरणका लागि न्यूनतम् रूपमा पालना गर्नुपर्ने आवश्यकताहरू, उत्पादित वस्तु चिनाउने चिन्ह प्रयोग गर्नेसम्बन्धी जानकारीहरू र फेयरवाइल्डको संकेत चिन्ह (लोगो) को उपयोग सम्बन्धी जानकारीहरू फेयरवाइल्ड प्रतिष्ठानबाट उपलब्ध हुन्छन् ।

## २. फेयरवाइल्ड मापदण्डः दोस्रो संस्करण

### २.१ फेयरवाइल्डका सिद्दान्तहरू र संकलन कार्यमा लागु हुने आधारहरू

### खण्ड १ : वन जंगलका प्राकृतिक वनस्पति संकलन र संरक्षण सम्वन्धी आवश्यकताहरू

| | |
|---|---|
| **सिद्दान्त १. जंगली वनस्पति स्रोत कायम राख्ने ।** वन जंगलबाट संकलन गरिने वनस्पति स्रोतहरूको संकलन त्यसको तह, परिमाण र तरिकालाई मध्यनजर गरी गरिनुपर्दछ जसले ति वनस्पतिहरूको संख्या र प्रजातीहरूलाई दीर्घकालिन रूपमा कायम गर्दछ । | |
| १.१ | **लक्षित प्रजातिहरूको संरक्षण अवस्था** लक्षित गरिएका प्रजातिहरूको संरक्षणको अवस्था र सोको संख्याको मूल्यांकन र नियमित पूनरावलोकन गरिएको हुनुपर्ने छ । |
| १.२ | **ज्ञानमा आधारित संकलन अभ्यासहरू** संकलन र व्यवस्थापन अभ्यासहरू लक्षित वनस्पतिका प्रजातिहरू र संकलनको प्रभावहरूको पर्याप्त मात्रामा पहिचान, नक्शांकन, स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमनमा आधारित हुनेछन् । |
| १.३ | **संकलन दरको दिगोपना** लक्षित वनस्पति स्रोतको संकलन दर र मात्रा उक्त वनस्पतिको दीर्घकालिन रूपमा पूर्नउत्पादन हुन सक्ने क्षमता भन्दा बढी नहुने गरी मात्र गरिएको हुन्छ । |

| | |
|---|---|
| **सिद्दान्त २ : नकारात्मक वातावरणीय प्रभावको रोकथाम** वनस्पति संकलनसम्बन्धी क्रियाकपालका कारण वन जंगलमा रहेका अन्य जंगली तथा प्राकृतिक प्रजातिहरू, संकलन क्षेत्र र छरछिमेकमा रहेका क्षेत्रहरूमा पर्ने नकारात्मक प्रभावहरूलाई रोकिएको हुन्छ । | |
| २.१ | **सम्बेदनशील वनस्पति, जीवहरूको समूह र यिनीहरूको वासस्थान** लक्षित वनस्पति प्रजातीहरूको व्यवस्थापन र संकलनका कारण प्रभावित हुन सक्ने प्रवल सम्भावना भएका दुर्लभ, लोपोन्मूख र संकटापन्न प्रजातिहरू र यी प्रजाति रहेका स्थानहरूको पहिचान र संरक्षण गरिएको हुन्छ । |
| २.२ | **भूदृष्य तहमा रहेका वनस्पतिहरूको बासस्थानको व्यवस्थापन** लक्षित जंगली प्रजातिहरूको संकलनलाई सघाउने व्यवस्थापकीय क्रियाकलापहरूबाट पारि स्थितिकीय प्रणाली विविधता र प्रक्रियाहरू र कार्यहरूमा नकारात्मक प्रभाव परेको हुनुहुँदैन । |

### खण्ड २ : कानूनी र नैतिक आवश्यकताहरू

| | |
|---|---|
| **सिद्दान्त ३ : प्रचलित कानून, नियम र सम्झौताहरूको परिपालना** वनस्पति व्यवस्थापन र संकलनका क्रियाकलापहरू बैधानिक पूर्णअधिकार सम्बन्धी व्यवस्थाहरू अन्तर्गत रही गर्नु पर्दछ, सम्बन्धित कानूनहरू, नियमहरू र सम्झौताहरूको परिपालना गरिएको हुनु पर्दछ । | |
| ३.१ | **स्रोतमाथिको पूर्णअधिकार, व्यवस्थापकीय अधिकार र उपयोगको अधिकार** संकलन र व्यवस्थपाकहरूसँग लक्षित स्रोतको उपयोग र व्यवस्थापन गर्ने स्पष्ट रूपमा मान्यता प्रदान गरिएको अधिकार रहेको हुन्छ । |

| | |
|---|---|
| ३.२ | **भूदृष्य तहमा रहेका वनस्पतिहरूको बासस्थानको व्यवस्थापन**<br>लक्षित जंगली प्रजातिहरूको संकलनलाई सघाउने व्यवस्थापकीय क्रियाकलापहरूबाट परिस्थितिकीय प्रणाली विविधता र प्रक्रियाहरू र कार्यहरूमा नकारात्मक प्रभाव परेको हुनुहुँदैन । |

**सिद्दान्त ४ : प्रथाजनित अधिकारको सम्मान र लाभको बाँडफाँड**

वनस्पति संकलन क्षेत्र र वन जंगलबाट संकलित लक्षित वनस्पतिहरूको व्यवस्थापन र उपयोग गर्न पाउने आदिवासी जनजाति र स्थानीय समुदायको प्रथाजनित अधिकारको सम्मान, संरक्षण र मान्यता प्रदान गरिएको हुनु पर्दछ ।

| | |
|---|---|
| ४.१ | **परम्परागत उपयोग र अभ्यास, पहुँचको अधिकार र सांस्कृतिक सम्पदा**<br>संकलन र व्यवस्थपाकहरूसँग लक्षित स्रोतको उपयोग र व्यवस्थापन गर्ने स्पष्ट रूपमा मान्यता प्रदान गरिएको अधिकार रहेको हुन्छ । |
| ४.२ | **लाभको बाँडफाँड**<br>आदिवासी जनजाति र स्थानीय समुदायसँग गरिने सम्झौताहरू लक्षित प्रजातिमाथिको पूर्णअधिकार, पहुँचको अधिकार, व्यवस्थापन मापदण्ड र स्रोतको महत्वका विषयमा उपयुक्त र प्रयाप्त ज्ञान रहेको छ भन्ने आधारमा गरिएको हुन्छ । यस्तो सम्झौताले सबै संलग्न पक्षहरूका बीचमा लाभको स्वच्छ र न्यायोचित् बाँडफाँडको सुनिश्चितता गरेको हुन्छ । |

## खण्ड ३ : सामाजिक र स्वच्छ व्यापारसम्बन्धी आवश्यकताहरू

**सिद्दान्त ५: संकलकहरू र खरिदकर्ताहरू बीच स्वच्छ सम्झौताजन्य सम्बन्धको विकासका लागि प्रवर्द्धन**

संकलकहरूलाई आफ्नो हितको प्रतिनिधित्व गर्न र फेयरवाइल्डबाट प्राप्त हुने अतिरिक्त लाभ (प्रिमियम) सम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुनका लागि आवश्यक पर्ने सूचनामा पहुँच र संयन्त्र स्थापित भएको हुनु पर्दछ । संकलकहरूलाई अलग्गै विशेष समूहको रूपमा लिई उनीहरू विरूद्ध कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

| | |
|---|---|
| ५.१ | **स्वच्छ सम्झौतामा आधारित सम्बन्ध**<br>संकलकहरू र कम्पनीका बीचमा हुने आर्थिक सम्बन्ध स्वच्छ र पारदर्शी रहेको हुन्छ र प्रिमियमको उपयोग तथा मूल्य निर्धारणसम्बन्धी सम्झौताहरू लगायतका महत्वपूर्ण विषयमा गरिने निर्णय प्रक्रियाहरूमा संकलकहरूलाई सहभागी हुने अनुमति रहेको हुन्छ । |
| ५.२ | **संकलकहरू विरूद्ध भेदभाव गर्न निषेध**<br>जातजाति, रंग, जातीय उत्पत्ति, धर्म, लिंग वा राजनीतिक आस्थाका आधारमा संकलकहरू विरूद्ध कुनै विभेद गरिदैन र महिलाहरूलाई संकलकको रूपमा दर्ता हुन अभिप्रेरित गरिन्छ । |

**सिद्दान्त ६ : जंगली वनस्पति संकलनसम्बन्धी क्रियाकलापमा बालवालिकाकोसहभागिता न्यूनीकरण**

संकलन र प्रशोधनसम्बन्धी कार्य गर्दा संकलकहरूले आधारभूत कामहरू समेत बालवालिकाको योगदान नै गर्नु पर्नेछ ।

| | |
|---|---|
| ६.१ | **बालबालिका र युवा संकलक**<br>बालवालिकाहरूलाई संकलकको रूपमा लिनेगरी सम्झौता गरिने छैन । युवा संकलकहरूलाई कहिल्यै पनि कुनै जोखिमजन्य कार्यहरूमा लगाइदैन । |
| ६.२ | **संकलन कार्यका लागि बालवालिकासँग संकलन सम्झौता**<br>संकलन र प्रशोधनमा सघाउनका लागि संकलकहरूले बालवालिकालाई श्रमिकको रूपमा लिने गरी सम्झौता गर्न पाउँदैनन् । |

| | |
|---|---|
| ६.३ | **संकलनका लागि बालवालिकाद्धारा अविभावकलाई सहयोग**<br>संकलनका लागि बालवालिकाहरूले केवल कसैको निरीक्षण अन्तर्गत रही सामान्य सक्नेजती मात्र काम गर्दछन् । |

| | |
|---|---|
| **सिद्दान्त ७ : संकलक र उनीहरूको समुदायका लागि लाभको सुनिश्चितता**<br>व्यापारिक विचौलियाहरू न्यून गरिएको हुनु पर्दछ, संकलकहरूले संकलन गरेको वस्तुको उचित मूल्यको सुनिश्चित् गरिएको हुनु पर्दछ र फेयरवाइल्ड प्रिमियम कोषको माध्यमबाट सामाजिक किसिमका सामुदायिक विकासमा सहयोग गरिएको हुनु पर्दछ । | |
| ७.१ | **संकलकलाई न्यायोचित् मूल्य र भुक्तानी**<br>व्यापारका मूल्य श्रृंखलाहरू छोटो गराइएको हुन्छ, संकलनहरूलाई समयमा नै भुक्तानीको सुनिश्चितता गरिएको हुन्छ, संकलकहरूलाई मूल्य निर्धारण प्रक्रियामा संलग्न गराइएको हुन्छ र समग्र संकलन प्रक्रियामा पारदर्शी रूपमा मूल्य निर्धारण गरी संकलकहरूलाई दीर्घकालिन रूपमा न्यायोचित्  मूल्य भुक्तानीको सुनिश्चितता गरिदै आएको हुन्छ । |
| ७.२ | **फेयरवाइल्ड प्रिमियमको उपयोग र प्रशासन**<br>फेयरवाइल्ड प्रिमियम प्राप्त गरीसकेपछि यथासक्य छिटो पारदर्शी रूपमा परिचालन गरिएको हुन्छ र संकलकका संगठनहरू, संकलकहरूको प्रतिनिधिमूलक समिति वा विभिन्न सरोकार वालाहरू संलग्न रहेको अधिकार प्राप्त फेयरवाइल्ड प्रिमियम कोषको सञ्चालक समितिले लाभ कोष र यसको उपयोग सम्बन्धी निर्णयहरू गर्दा जवाफदेहीपूर्ण रूपमा गरेका हुन्छन् । |

| | |
|---|---|
| **सिद्धान्त ८: वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनमा संलग्न सवै श्रमिकहरूका लागि न्यायोचीत  किसिमको काम गर्ने वातावरणको सुनिश्चितता**<br>वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनका लागि सबै संकलकहरूलाई संकलनसम्बन्धी काम गर्ने क्रममा काम गर्ने राम्रो अवस्थाको सुनिश्चितता गरिएको हुनु पर्दछ । | |
| ८.१ | **वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको आधारभूत श्रम अधिकार**<br>वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले कामको शिलशिलामा सबै श्रमिकहरूको आधारभूत मानवीय मूल्य मान्यता र मौलिक हकहरूको सम्मान गर्दछन् । |
| ८.२ | **वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको लागि सुरक्षित कार्यस्थल र वातावरण**<br>उद्योगको विद्यमान अवस्थाको ज्ञानलाई ध्यानमा राख्दै र कुनै जोखिम भएमा सोको समेत मध्यनजर गर्दै श्रमिकहरूलाई सुरक्षित र स्वस्थ कार्यस्थलको वातावरण प्रदान गरिएको हुन्छ । |
| ८.३ | **वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारी लाई न्यायोचित् किसिमको रोजगारीको अवस्था**<br>वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले सामाजिक रूपमा जिम्मेवारपूर्ण रोजगारदाताको रूपमा कार्य गर्दै राम्रो किसिमको रोजगारीको अवस्था प्रदान गर्दछन् । |

## खण्ड ४ : व्यवबस्थापकीय र व्यावसायजन्य आवश्यकताहरू

| **सिद्दान्त ९ : जिम्मेवारपूर्ण व्यवस्थापन अभ्यासहरूको अवलम्वन**<br>वन जंगलमा रहेका लक्षित प्रजातिहरूको संकलनसम्बन्धी कार्यहरू अनुकूलित, व्यवहारिक, सहभागितमूलक र पारदर्शी व्यवस्थापकीय क्रियाकलापमा आधारित हुनेछन् । | |
|---|---|
| ९.१ | **वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना**<br>वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजनामा अनुकूलित, व्यावहारिक व्यवस्थापन प्रक्रिया र संकलनका असल अभ्यासहरू परिभाषित गरेको हुन्छ । |
| ९.२ | **स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन**<br>वन जंगलमा रहेका जंगली वनस्पतिहरूको संकलन व्यवस्थापनको कार्य पर्याप्त र व्यावहारिक किसिमको स्रोत सर्वेक्षण, मूल्यांकन र संकलन प्रभावको अनुगमनद्धारा सघाइएको हुनु पर्दछ । |
| ९.३ | **संकलकहरूद्धारा दिगो संकलनका उपायहरूको कार्यान्वयन**<br>वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले तालिम लिएका र दक्ष संकलकहरूले मात्र लक्षित वनस्पति स्रोतको संकलन गरेका छन् भन्ने कुराको सुनिश्चिता गर्दछन् र संकलकहरूले उपयोगमा आउन सक्ने सम्मका संकलन मार्गदर्शनहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएका छन् भन्ने कुराको अनुगमन गरेका हुन्छन् । |
| ९.४ | **तालिम र क्षमता विकास**<br>यस मापदण्डमा उल्लिखित आवश्यकताहरू परिपालना गर्न र व्यवस्थापन योजनामा गरिएका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि स्रोत व्यवस्थापकहरू र संकलकहरूसँग प्रयाप्त क्षमता (तालिम, निरीक्षण र अनुभव) रहेको हुन्छ । |
| ९.५ | **पारदर्शिता र सहभागिता**<br>वन जंगलमा रहेका वनस्पतिहरूको संकलनका कार्यहरूमा सरोकारवालाहरूको संलग्नता गराउँदै अभिलेखीकरण र सूचनाहरूको आदान प्रदान र व्यवस्थापन योजनाको तर्जुमा र कार्यान्वयनको सम्मान गर्दै संकलनका कामहरू पारदर्शी रूपमा गरिएको हुन्छ । |

| **सिद्दान्त १० : जिम्मेवारपूर्ण व्यावसायजन्य अभ्यासहरूको अवलम्बन**<br>वन जंगलमा रहेका वनस्पतिहरूको संकलन गर्ने कार्य गर्दा स्रोतको दिगोपनामा ह्रास नआउने गरी गुणस्तर, आर्थिक पक्ष र बजारको खोजिनीतिको आवश्यकतालाई सहयोग पुग्ने गरी मात्र गरिन्छ । | |
|---|---|
| १०.१ | **बजार/क्रेताको विशिष्टीकरण** (specifications)<br>विक्री हुने सम्भावना नभएका वस्तुहरूको संकलन न्यून गर्न वा रोक्नका लागि बजारको आवश्यकता अनुसार लक्षित वनस्पतिहरूको दिगो संकलन र नियमन गर्ने योजना अनुसार व्यवस्थापन गरिएको हुन्छ । |
| १०.२ | **अभिलेखीकरण तथा सहज खोज प्रक्रिया**<br>लक्षित वनस्पति स्रोतहरूको भण्डारण र तिनलाई सम्हाल्ने कार्य गर्दा संकलन क्षेत्रदेखि विक्री केन्द्रसम्मको अभिलेखीकरण तथा सहज खोज प्रक्रियालाई सहयोग पुग्ने गरी व्यवस्थापन गरिएको हुन्छ । |
| १०.३ | **वित्तीय सम्भाव्यता र जवाफदेहीपूर्ण व्यापार सम्बन्ध**<br>लक्षित वनस्पति स्रोतहरूको दिगो संकलन प्रणालीको वित्तीय सम्भाव्यताको सुनिश्चिता गर्ने संयन्त्रहरूलाई प्रोत्साहन गरिएको हुन्छ । |

## २.२ वन जंगल/प्रकृतिबाट संकलित वस्तुको क्रेताहरूका लागि फेयरवाइल्ड सिद्धान्त र आधार

| | |
|---|---|
| **सिद्दान्त ११ : क्रेताको प्रतिवद्धताका निमित्त बढवा दिने वा प्रवर्द्धन गर्ने**<br>जंगली वनस्पतिका क्रेता र निर्यातकहरूले आपूर्तिकर्ताको गुणस्तरीयताका लागि सम्मान, पारदर्शिता र सहयोगका आधारमा वन जंगलबाट प्राकृतिक वनस्पति संकलन गर्ने पक्षसँग आपसी हितमा आधारित दीर्घकालिन व्यापार सम्बन्धको विकास गर्न प्रयास गर्नु पर्दछ । | |
| ११.१ | **आपसी हितमा आधारित व्यापार सम्बन्ध**<br>वन जंगलबाट संकलित वनस्पतिहरूको खरिदकर्ताहरूले आपूर्तिकर्ताहरूसँग दीर्घकालिन रूपमा न्यायोचित् व्यापार सम्बन्ध कायम राख्ने प्रयास गर्दछन् र अनुकूलित व्यापारिक अवस्था, तालिम र जानकारीहरू प्रवाह गरी आपूर्तिकर्तालाई सहयोग गर्दछन् । |
| ११.२ | **न्यायोचित् मूल्य र फेयरवाइल्ड प्रिमियम**<br>संकलकहरूको समुदायको सामाजिक विकासका लागि वन जंगलका वनस्पतिजन्य उत्पादनहरूको खरिदकर्ताहरूले न्यायोचित् मूल्य र फेयरवाइल्ड प्रिमियमको भुक्तानी गर्दछन् । |

# सन्दर्भ सामग्रीहरू

FWF. 2010a. FairWild Standard: Version 2.0. FairWild Foundation, Weinfelden, Switzerland.

FWF. 2010b. FairWild Standard: Version 2.0. Performance Indicators. FairWild Foundation, Weinfelden, Switzerland.

LAMMERTS VAN BUEREN, E.M., AND E.A. BLOM. 1997. Hierarchical Framework for theFormulation of Sustainable Forest Management Standards. The Tropenbos Foundation,Leiden, The Netherlands.

MPSG. 2007. International Standard for Sustainable Wild Collection of Medicinal and Aromatic Plants (ISSC-MAP). Version 1.0. Bundesamt für Naturschutz (BfN), MPSG/SSC/IUCN, WWF Germany, and TRAFFIC (BfN-Skripten 195), Bonn, Gland, Frankfurt, and Cambridge.

MEINSHAUSEN F, S. WINKLER, R. BÄCHI, F. STAUBLI, AND K. DÜRBECK. 2006. FairWild Standards, Version 1 (11/2006). FairWild Foundation, Weinfelden, Switzerland.

# अनुसूची १: शब्दको वर्णन र संक्षिप्त शब्द

| | |
|---|---|
| ABS | Access and benefit-sharing |
| BfN | Bundesamt für Naturschutz / German Federal Agency for Nature Conservation |
| CBD | Convention on Biological Diversity |
| EDQM | European Directorate for the Quality of Medicines and HealthCare |
| FSC | Forest Stewardship Council |
| FWF | FairWild Foundation |
| HR | High Risk |
| ILO | International Labour Organisation |
| IMO | Institute for Marketecology |
| ISSC-MAP | International Standard for Sustainable Wild Collection of Medicinal and Aromatic Plants |
| IUCN | International Union for Conservation of Nature |
| MAT | Mutually Agreed Terms |
| MAP | Medicinal and Aromatic Plant |
| MPSG | Medicinal Plant Specialist Group of the IUCN/SSC |
| NTFP | Non-timber Forest Product |
| PIC | Prior Informed Consent |
| SECO | State Secretariat for Economic Affairs (Switzerland) |
| SSC | Species Survival Commission |
| UNCTAD | United Nations Conference on Trade and Development |
| UNEP | United Nations Environment Programme |